# नागरिकता निरन्तरता (सन् २०१३–१५) सम्बन्धमा पछिल्लो प्रतिवेदन

**१५ अगष्ट १०१४**

संविधानसभा मार्फत देश संविधान निर्माणमा केन्द्रीत भइरहेको छ । हामी बिश्वमा रहेका नेपालीहरुको प्रमुख समस्याको रुपमा रहेको नागरिकताको निरन्तरतालाई संबैधानिक स्वरुप प्रदान गराउने यो नै एक मात्रै अनुकुल समय हो । जसलाई उपयोग गर्न सकिएन भने हामी एनआरएनहरुले सं वैधानिक र कानूनी रुपमा नेपाली नागरिककै हैसियतमा रहिरहन सक्ने छैनौँ । त्यसैले संविधान निर्माणको क्रम चलिरहँदा हामीले अत्यन्त सतर्ककता पूर्वक र प्रभावकारी रुपमा नागरिकता निरन्तरताको लागि विभिन्न गतिविधिहरुलाई अगाडि बढाइरहेको यहाँहरूबीच अवगत गराउन चाहन्छु ।

यस क्रममा नागरिकता निरन्तरता सम्बन्धि कार्यदलले राजनीतिक दल , सभासद, कानूनविद् संचारकर्मी लगायत यससँग सम्बन्धित व्यक्तित्व र निकायहरुसँग निरन्तररुपमा छलफल , भेटघाट, अन्तरक्रिया गर्दै हाम्रो बिषयको गाम्भिर्यताको बारेमा बुझाउने काम संविधानसभाको गठन भए देखीनै निरन्तर गरिरहेको छ । कार्यदलका साथै, अन्तराष्ट्रिय समन्वय परिषद्का आदरणीय अध्यक्ष शेष घले , निवर्तमान अध्यक्ष जीवा लामिछाने, संस्थापक अध्यक्ष उपेन्द्र महतो , महासचिव कुमार पन्त लगायतले पनि यो बिशषलाई प्रमुख प्राथमिकतामा राखेर यो बिषयमा आफूलाई केन्द्रीत गरिरहनु भएको छ ।

अध्यक्ष घलेले हरेक पटकको नेपाल भ्रमणका क्रममा दलका उच्च नेतृत्व , संविधानसभाका अध्यक्ष देखि अन्य सरोकारवाला ब्यक्तितत्वसँग छलफल गरेर यसको बारेमा अवगत गराउनुका साथै भईरहको प्रगतिको बारेमा जानकारी लिँदै आउनुभएको छ ।

नयाँ संविधान निर्माणको क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागिता भईरहनु भएका संविधानसभाका सदस्यदेखि संविधानसभाका अध्यक्षसम्म , राजनीतिक दलका नेता देखि

दलका प्रमुख नेतासम्म हाम्रो प्रमुख सरोकारका व्यक्ति हुनुहुन्छ । त्यस्तै विज्ञको रुपमा संविधासभा भित्र काम गरिरहनुभएको ब्यत्तित्व देखि अन्य पक्षहरु पनि हाम्रो सरोकारका पक्ष हुनु भएको छ ।

त्यसैले यो सम्पूर्ण तह र तप्काका सरोकारवाला व्यक्तित्वहरुसँग विभिन्न माध्यममार्फत हामी निरन्तर सम्पर्कमा छौ, छलफल पनि गरिरहेका छौँ र हाम्रो बिषयमा सम्पूर्ण तहमा सहमति गराउने गरि कामलाई निरन्तरता दिईनै रहेका छौँ ।

**पछिल्लो संविधानसभाको गठन भएसँगै हामीले तीन तहको योजना सहित काम गरेका छौँ ।**

**पहिलो :** नयाँ संविधानसभा गठनसँगै हामीले प्रमुख राजनीतिक दलका उच्च नेतृत्वसँग छलफललाई अगाडी बढायौँ । जुन छलफलको उद्देश्य थियो अघिल्लो संविधानसभामा नागरिकताको निरन्तरताको सम्बन्धमा भएको सहमतीलाई सम्झाउनु । त्यो सहमती कसरी भयो र दलका नेताहरुले हामीसँग के प्रतिवद्धता जनाउनुभएको थियो भन्ने उहाँहरुलाई अवगत गराउँदा यस प्रति उहाँहरुको पूर्ण सहयोग रहने बचनबद्धता दोहोर्याउनु भयो । परिणम स्वरुप अहिले सम्म यो बिषय बिवादीत बिषय भित्र परेको छैन ।

**दोस्रो तह :** हामीले संविधानसभा भित्र पनि निर्णायक जिम्मेवारी पाउनु भएका सभासद् र नेताहरुसँग छलफल गरौँ । जसमा उहाँहरुले आफ्नो समिति र तहबाट एनआरएनलाई दिइने नागरिकताको बिषयमा सकारात्मक भुमिका खेल्ने प्रतिवद्धता जनाउनु भयो । त्यसैको आधारमा निरन्तर यो बिषयमा अन्य सम्बन्धित सभासद्हरुसँग पनि सम्पर्क बढाउने र यो बिषयलाई बुझाउने काम निरन्तर छ ।

**तेस्रो तह :** हामीले विवादित भएको बिषयहरुलाई कसरी सहमती खोज्ने प्रयास गरिँदैछ र हाम्रो नागरिकताको बिषयमा कतै विवाद भैहालेमा असहमति जनाउने नेता वा सभासद्सँग कसरी तत्कालै कुरा गरेर यसमा सहमती कायम गराउने भन्ने तहमा काम गरेका छौँ ।

त्यसैले संविधान निर्माणको क्रममा भएका समितिका प्रत्येक प्रमुख बैठकहरुलाई हामीले नजिकबाट नियालिरहेका छौँ ।

यसरी विभिन्न तरह र क्षेत्रमा योजनाका साथ काम गर्दा हामी दैनिक जसो यो बिषयमा अपडेट भएका छौँ ।

संविधानसभा भित्रै हाम्रो बिषयमा जानकार र पूर्ण सहमत हुनुभएका व्यक्तित्वको एउटा अनौपचारिक समुह निर्माण गरि त्यस समुहको सल्लाह र सहयोगमा कामलाई अगाडि बढाएका छौँ ।

त्यस्तै बाहिरी र भित्री रुपमा दैनिक रुपमा सम्पूर्ण गतिविधिको अनुगमन गर्दै उचित सल्लाह र सुझाव लिई तत्कालै योजना बनाएर हामीलाई सल्लाह दिन फोकल पर्सनको ब्यवस्था गरेका छौँ । जसको समन्वयमा नै नेपालमा सम्पूर्ण गतिविधिहरु संचालन भइरहेका छन् । संविधानसभा भित्रको बिशेष टिमसँगको निरन्तर सल्लाहमा नागरिकता निरन्तरताका बिषयसँग जोडिएका विभिन्न पक्षको बारेमा नजिकबाट नियाल्ने देखि सबै पक्षको सल्लाहमा यस बिषयमा पहिले देखिने योजना बनाएर लबिंङका लागि फोकल पर्सन मार्फत काम अगाडी बढिरहेको छ ।

सभासद्हरुलाई नागरिकताको निरन्तरताको बारेमा जानकारी दिन एनआरएनएको नियमित प्रकाशन *ग्लोबल नेपालीमा ‘नागरिकता निरन्तरता किन ?’* भन्ने बिषयमा बिशेष लेख प्रकाशित गरी सम्पूर्ण सभासद्हरुलाई वितरण गरिसकिएको छ ।

नेपाल भ्रमणका क्रममा एनआरएनका अन्य जिम्मेवार साथीहरु सोनाम लामा , कुल आचार्य, नरेश कोइराला लगायतले विभिन्नपक्षसँग यस बारेमा छलफल गर्नुभएको छ । नेकपा एमालेको महाधि वेशनमा सहभागी कतिपय साथीहरुले महाधि वेनबाट नेपाली नागरिकता निरन्तरताको लागि विशेष प्रस्ताव पारित गर्ने दवावनै दिनु भएको थियो ।

**आदरणीय मित्रहरु,**

हो, बाहिरी रुपमा झटट् हेर्दा नागरिकता निरन्तरता कार्यदलले यो बिषयमा ठोष काम केही गरे जस्तो लाग्दैन । किनभने हामीले सार्वजनिक रुपमा गोष्ठी , भेला, बैठक गरेका छैनौँ नत तामझामका साथ ठूलो ठूलो समुहमा डेलिकेशन नै गएका छौँ । तर यो सबै काम नभएका होइनन् मात्रै , सार्वजनिक रुपमा होइन आन्तरिक रुपमा मात्रै भएका छन् । अघिल्लो संविधानसभाको क्रममा भएका अनुभव र अहिलेको संविधानसभाका क्रममा सार्वजनिक रुपमा कुनै पनि पक्षले आफ्ना माग नराखिरहेको अवस्थामा हामीले पनि यसलाई फरक ढंगले अभियान चलाएका हौँ । त्यसमा पनि नागरिकता बिषय सबै जनमानसको लागि अत्यन्त संवेदनशील पक्ष भएकोले यसमा लबिंग गर्दा बिशेष सतर्कता अपनाउनु पर्छ भन्ने कार्यदलको बुझाई छ ।

## आगामी बाटो

नागरिकताको निरन्तरता संविधानमै उल्लेख भएमा मात्रै सार्थक हुने भएकोले त्यो संभावनालाई पुरा गर्ने भनेको संविधानसभाका सदस्यहरुले मात्रै हो । यो कुरालाई मनन गरेर हामीले सबै क्षेत्रबाट ध्यान संविधानसभामा केन्द्रित गर्नु परेको हो ।

यसको लागि **नेपाली नागरिकता किन आवस्यक छ ?** भन्ने बारेमा सबै सभासद्हरुका लागि थप जानकारी दिन एउटा डकुमेन्ट तयार पारिँदै छ ।

एनआरएनको हैसियतले प्रत्येक पिएनओ र व्यक्तिलाई नेपाली नागरिकताको प्राप्तिको लागि चलाईने सकारात्मक कदममा भाग लिने स्वतन्त्रता छ । त्यसैले एनआरएन साथीहरुले आफ्नो सम्बन्ध भएका सभासद्हरुलाई यस बारेमा मौखिक जानकारी पनि दिन सक्नुहुने छ । तर त्यसैगरि सहभागी हुँदा समन्वयात्मक रुपमा एनआरएनको आईसिसिले र कार्यदलले निर्णय गरेको बाटोबाट जान जरुरी देखिन्छ । जसको लागि फोकल पर्सनको समन्वयमा यो काम गर्न सकिन्छ ।

यि सम्पूर्ण योजनालाई निरन्तरता दिँदै हामीले कुनै पनि बेला असहमती हुने बित्तिकै त्यसलाई सहमती कामय गर्न विशेष टोली नेपाल भ्रमणमा पुगेर थप सल्लाह गर्ने योजना बनाएका छौँ । जुन टोली संघका वर्तमान र पूर्व नेतृत्व र कार्यदलका पदाधिकारीको गरि बढीमा दश जनासम्मको हुनेछ ।

त्यस्तै हामीले संविधानसभा भित्रको सम्बन्धित समितिका सभादस्हरुसँग र सभापतिहरुसँग छुट्टा छुट्टै छलफल कार्यक्रमको आयोजना गर्ने छौँ ।

अहिले अनौपचारिक रुपमा सहयोग गरिरहेको संविधानसभा भित्रका सदस्यहरुको टोलि र बाहिरका टोलिलाई थप शसक्त भुमिका खेल्ने गरि छलफल अगाडि बढाउने छौँ ।

संविधानको मस्यौदा गर्दा हाम्रो बिषयमा थप प्रष्ट पार्न आवस्यक भएमा संविधानबिद्हरुको सल्लाह लिने गरि कानुनविद्हरूको टोलि बनाउने छौँ ।

फोकल पर्सनलाई हामीले संविधान जारी नभएसम्म पूर्णरुपमा यहि काममा ध्यान दिनेगरि थप वातावरण मिलाउने छौँ ।

**आदरणीय मित्रहरु,**

यस सम्बन्धमा आवश्यक परेमा काठमाण्डौँमा जानकारी हाम्रो फोकल पर्सन सरोज दाहाल ९८५१०८५१८५, मेल dahal.saroj@gmail.com र सचिवालयका कार्यकरी निर्देशक राजेश राणा (४२६२२५५) लिन सक्नुहुनेछ । कार्यदका अध्यक्ष रामप्रताप थापा ००४९१७८८६७६७६४४३, स्काईप rampthapa सँग कुनै पनि बेला सम्पर्क गर्न सक्नुहुन्छ ।

नेपाली नागरिकताको प्रथम कार्यपत्र (link: http://nrna.org.np/downloads_pdf/dualcitizenship_positionpaper.pdf) र २००९ –११ को कार्यकालमा तयार गरिएको हाम्रो नागरिकता निरन्तरताको लागि सभासद्मा पेश गरि गर्न २०१२ मा तयार गरिएको ड्राफ्ट (link:

http://nrna.org.np/downloads_pdf/NRN-Citizenship-proposed.pdf) सबैको जानकारीको लागि यसै साथ संलग्न गरिएको छ ।

हाम्रो अभियान पूर्ण रुपमा सफल हुने अपेक्षा सहित यसमा सहयोगका लागि यस कार्यदल एनआरएनएको सम्पूर्ण पदाधिकारी लगायत सबैमा आह्वान गर्दछ ।

धन्यवाद ।

**नेपाली नागकिता निरन्तरता सम्बन्धि कार्यदलका तर्फबाट**

**अध्यक्ष, रामप्रताप थापा**

**मिति : १५ अगष्ट २०१४**

**यस क्रममा भएका भेटघाटका केही तस्वीर**



*मार्च २०१४ मा संघका अध्यक्ष शेष घले नेतृत्वमा कार्यदलका संयोजक तथा प्रमुख संरक्षक रामप्रताप थापा, सह संयोजक क्या. हितमान गुरुङ सहितको टोली एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' भेटमा ।*

 

संविधानसभाका अध्यक्ष सुवास नेम्वांगसँगको भेटमा संघका अध्यक्ष शेष घले लगायत ।



संविधानसभाका अध्यक्षसँगको भेटमा कार्यदलका अध्यक्ष रामप्रताप थापा ।




संविधानसभाका अध्यक्षसँगको भेटमा निवर्तमान अध्यक्ष जीवा लामिछाने ।




७ १२ जुलाईसम्म नेपालमा रहनु भएका नागरिकता कार्यदलका अध्यक्ष रामप्रताप थापाद्धारा काठमाण्डौमा उपलब्ध कार्यदलका सदस्य लगायतकाबीच गर्नु भएको बैठक ।

*यहि भ्रमणका क्रममा थापाले संविधानसभाका अध्यक्ष , परराष्टमन्त्री, विभिन्न राजनीतिक दलका नेता लगायतसँग पनि छलफल गर्नु भएको थियो ।*